बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ललितपुर

मानभवन, ललितपुर, नेपाल

पत्र संख्या: ०७८।०७९
च.नं. ४३८

मितिः २०७९/०२/०४

श्री काष्ठमाण्डप ट्रेड प्वाईन्ट,
काठमाडौं।

विषयः बीउ बिजन बिक्रि बितरण अनुमति प्रमाण पत्र खारेज सम्बन्धमा।

प्रस्तुत विषयमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रबाट च.न.६८२ मितिः २०७९/०१/२६गते को पत्रानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. गोविन्द प्रसाद शर्माज्युको अध्यक्षतामा बसेको राष्ट्रिय बीउ बिजन समितिको ६२औं बैठकबाट *"DY-28 जात आयातकर्ता श्री काष्ठमाण्डप ट्रेड प्वाईन्ट, काठमाडौंबाट आयात गरिएको धान DY-28 जात नभएको पुष्टि भएको र यसबाट नेपाली किसानले क्षति व्यहोर्नु पर्ने तर आफै लिखित सहमती गरी क्षतिपुर्ति उपलब्ध गराउन सहमती गरी क्षतिपुर्ति उपलब्ध गराउन बिना कारण ढिला सुस्त आनाकानी गरेको र आफुले कारोबार गर्ने बीउको गुणस्तरमा समेत विश्वस्त नभई बिउ बारोबारमा संलग्न रहेको पाईएको तथा धान DY-69 जात तथा नक्कली धान DY-28 जात प्रकरणमा यस्तै गलत कार्य गरी नेपाली किसानलाई क्षति पुर्याउने सम्भावना कायम रहने भएकाले "बीउ बिजन ऐन, २०४५" को दफा-५ को उपदफा ५.४ तथा सोही दफाको उपदफा ५.१ले दिएको अधिकारलाइ उपयोग गरी काष्ठमाण्डप ट्रेड प्वाईन्ट, काठमाडौं प्रवन्ध सन्चालक-मधुसुदन प्रधानका नाममा साबिकको जिल्ला कृषि बिकास कार्यालय, हाल कृषि ज्ञान केन्द, ललितपुरबाट प्रदान गरिएको बीउ व्यवसाय अनुमतिपत्र १७९६/०६७/६९ खारेजीका लागी कृषि ज्ञान केन्द्र, ललितपुरलाइ निर्देशन दिने तथा उक्त आयातकर्ता कम्पनीबाट अघि बढाइएका जातिय परिक्षण कार्य समेत रोक लगाउने " निर्णय* भएको हुँदा सो समितिको निर्णय तथा बिउ बीजन गुणस्तर नियन्त्रण केन्द्रको निर्देशन अनुसार तांहा काष्ठमाण्डप ट्रेड प्वाईन्ट, काठमाडौं (प्रवन्ध सन्चालक-मधुसुदन प्रधान) का नाममा रहेको बीउ बिजन बिक्रि बितरण अनुमति प्रमाण पत्र १७९६/०६७/६९ यस कार्यालयको मिति २०७९/०२/०४ को निर्णयानुसार रद्द गरिएको व्यहोरा जानकारी गराइन्छ।

नारायण कुमार श्रेष्ठ
प्रमुख (अधिकृत स्तर दशौं)

*बोधार्थ*
*श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,बागमती प्रदेश हेटौडा- जानकारीका लागि अनुरोध छ।*
*श्री बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन - जानकारीका लागि अनुरोध छ।*
*श्री बीउ बिजन प्रयोगशाला, हेटौंडा। जानकारीका लागि अनुरोध छ।*
*श्री नेपाल बीउ बिजन व्यवसायी संघ (सियान), काठमाडौं। जानकारीका लागि अनुरोध छ।*

फोन नं : ०१-५५३४५७३/६१६ ईमेल: aklalitpur@gmail.com वेबसाईट : lalitpur.akc.gov.np